आज मिति २०६३ साल मंसीर ३ गते का दिन कपिलबस्तु नगरपालिकाको बोर्ड बैठक कपिलबस्तु नगरपालिका का प्रमुख एवं कार्यकारी अधिकृत श्री निरन भट्टराई ज्यू को अध्यक्षतामा बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिती

श्री निरन भट्टराई	कार्यकारी अधिकृत क.न.पा.

आमन्त्रित

श्री चण्डी प्रसाद देव	योजना तथा प्राविधिक शाखा प्रमुख
श्री बलराम न्यौपाने	आर्थिक प्रशासन शाखा प्रमुख
श्री पदम राज श्रेष्ठ	सामाजिक बिकाश शाखा प्रमुख
श्री नारायण चौधरी	भौतिक पुर्वाधार उपशाखा प्रमुख
श्री गौतम शाक्य	शहरी बिकास उप शाखा प्रमुख
श्री सुभाष गौतम	राजश्व शाखा प्रमुख
श्री मदन घिमिरे	प्रशासन शाखा प्रमुख
श्री जीवनाथ पाण्डेय	जिन्सी उप शाखा प्रमुख

निर्णय नं. = १

कपिलबस्तु नगरपालिकाको २१ औं नगरपरिषद बाट कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा देहाय बमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो।

(क) राजश्व परामर्श समिति तथा एकीकृत योजना तर्जुमा समितिको बैठक पौषको दोश्रो साता।
(ख) नगर स्तरीय पुर्व योजना गोष्ठी मंसीरको अन्तीम साता
(ग) वडा स्तरीय पुर्व योजना गोष्ठी पौषको पहिलो साता
(घ) टोल स्तरमा योजना प्रस्ताव अन्तरक्रया पौष पहिलो साता
(ङ) वडा स्तरीया योजना तर्जुमा समिति-सल्लाहकार समितिको बैठक पौषको दोश्रो साता
(च) वडा स्तरीय योजना तर्जुमा गोष्ठी पौषको दोश्रो साता
(छ) नगर पालिका बोर्ड बैठक
(ज) नगर परिषद बाट नगर विकाश योजना पारित पौषको तेश्रो साता।

निर्णय नं. २

कपिलबस्तु नगरपालिकाको आगामी २१ एक्काइसौं नगरपरिषद को लागी योजना माग छनोट गर्ने सन्दर्भमा देहाय बमोजिमको

## वडा स्तरीय योजनाको लागी बजेट सिलिङ्ग

२.१(क) वडा स्तरमा संचालन गर्ने लक्षित वर्ग कार्यक्रम (महिला/बालबालिका) तथा पिछडिएको वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने अन्तरगत प्रत्येक वडाको लागी रु. ३५००००।- तिन लाख पचास हजार ।

(ख) आर्थिक सामाजिक र भौतिक पुर्वाधार विकास कार्यक्रम अन्तर्गत वडामा १ वटा आयोजनाको लागी रु ५०००००।- पाँच लाख ~~५०००००।~~ १५००००।डेढ लाख पचास हजार

(ग) ~~सामाजिक पुर्वाधार सग सम्बन्धीत आयोजनाको लागी~~ नगरस्तरीय योजनाहरुको लागी बजेट सिलिङ्ग

२.२(क) क्रमागत एवं अधुरा रहेका आयोजनाहरु सडक बोर्ड कार्यक्रम अन्तरगत मर्मत सम्भारका आयोजनाहरुको लागी नगरपालिकालाई प्राप्त रु. ६०,०००००।साठी लाख मा वडा अनुसारको आयोजनाको अवस्था हेरी न.पा.ले छनोट गर्ने आयोजनाहरु अन्तरगत वडा बाट १ एक वटा आयोजना छनोट गर्ने ।

(ख) ~~जगेडा कोष कार्यक्रम अन्तरगत~~ नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम बाट संचालन हुने आयोजनाको लागी

२१ औं एक्काइसौं नगर परिषदका लागी कार्यक्रम तथा आयोजना छनोटका लागी देहाय वडा स्तरमा निर्धारण गरिएको प्राथमिकता क्रम आ.व. ०६४/०६५ कार्यक्रम तथा योजना छनोटका लागी निर्धारण गरिएको मार्ग दर्शन तथा प्राथमिकता क्रम हरु ।

(क) क्रमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा मर्मत सम्भार गरी पुन: सञ्चालनमा ल्याउन सकिने सञ्चालनमा नरहेका वा बिग्रीएको योजनाहरु।

(ख) आवधिक नगर विकास योजना तथा अन्य क्षेत्रगत आवधिक योजनाले निर्दिष्ट गरेका विषय हरु ।

(ग) सामाजिक परिचालनको बाट पहिचान गरिएका लक्षित समुहका माग लाई सम्बोधन गर्ने विषय ।

(घ) तत्काल रोजगार सृजना गर्ने र रोजगारी एवं अन्य आर्जनमा तथा गरीबी निवारणमा बढावा दिने आयोजनाहरु ।

(ङ) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त हुने कृषि गैर कृषि र सेवा क्षेत्रका आयोजना तथा कार्यक्रम ।

(च) स्थानीय करको दायरा फराकिलो पारी आन्तरीक आय वृद्धि गर्ने कार्यक्रम हरु

(छ) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त हुने आयोजना ।

(ट) वातावरण संरक्षण तथा सम्वर्धन गर्ने खालका योजना हरु ।
(ठ) स्थानीय तथा वैदेशीक रोजगार तथा व्यवस्थापन तथा प्रवर्धनात्मक कार्यक्रम
(ड) अन्तरनिकाय समन्वय तथा साझेदारीमा सञ्चालन हुने कार्यक्रम
(ढ) मानव संसाधन तथा संस्थागत विकास लाई सघाउ पुऱ्याउने कार्यक्रमहरु
(ण) साक्षरता, सरसफाई तथा खुला दिशामुक्त अभियानमा सघाउ पुऱ्याउने कार्यक्रम
(त) बालमैत्री तथा वातावरण मैत्री स्थानीय शासन प्रवर्धन गर्ने कार्यक्रम हरु
(थ) नगरका शहरी अर्धशहरी तथा ग्रामीण प्रकृतिका सम्पूर्ण क्षेत्रको समानुपातिक विकास कार्यक्रम ।

निर्णय नं. ३ =

कपिलवस्तु नगरपालिकाको २१औं एक्काईसौं नगरपरिषद बाट कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा देहाय बमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

(क) एकीकृत योजना तर्जुमा समिति-सल्लाहकार समिति बैठक पौष
(ख) नगर पालिका बैठक – नगर विकास योजना पौष तेस्रो हप्ता
(ग) नगरपरिषद २०६२ साल पौष २२गते
(घ) नगर परिषद सार्वजनिकीकरण कार्यक्रम पौष २२गते